# स्थानीय राजपत्र

**बेसीशहर नगरपालिकाद्धारा प्रकाशित**

**खण्ड १, संख्या ९, ज्येष्ठ २९ गते, २०७५ साल**


**स्थानीय सरकार सञ्चालन ऐन,** २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी बेसीशहर नगर कार्यपालिकाले देहायको निर्देशिका जारी गरेको छ ।

# भाग २

## वेसीशहर नगरपालिकाको ज्येष्ठ नागरिक परिचयपत्र वितरण निर्देशिका, २०७४

**१. परिचय :**

ज्येष्ठ नागरिकहरुलाई संरक्षण र सामाजिक सुरक्षा प्रदान गर्न तथा निजहरुमा रहेको ज्ञान , सीप, क्षमता, र अनुभवको सदुपयोग गरी निजहरु प्रति श्रृद्धा , आदर तथा सद्भाव अभिवृद्धि गर्न साथै राज्यद्वारा तोकिएको सेवा एवम् सुविधाको उचित व्यवस्थापन गरी नेपालको संविधानको अनुसूची ८ को क्र.स. १६ बमोजिमको कार्य गर्न ज्येष्ठनागरिक परिचयपत्र वितरण निदेशिका २०७४ जारी गरिएको छ ।

**२. परिचयपत्र वितरणका आधार :**

नेपालको संविधानको धारा ४१ मा उल्लेख भएबमोजिक ज्येष्ठनागरिकको हक, ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १५ अनुसार ज्येष्ठ नागरिकहरुलाई परिचयपत्र दिने व्यवस्था लगायत ज्येष्ठ नागरिक परिचयपत्र वितरणका आधार हुनेछन् ।

### ३. उदेश्यः

क) ज्येष्ठ नागरिकहरुको पहिचान गर्ने र स्थानीयतह देखि नै ज्येष्ठ नागरिकहरुको लगत राख्ने ।

ख) नेपालको संविधान अनुसार प्रदत ज्येष्ठ नागरिकहरुको क अधिकार सुनिश्चित गर्न र ज्येष्ठ नागरिकको वर्गीकरण अनुसार सार्वजनिक सवारी साधन सार्वजनिक कार्य, स्वास्थ्य सेवा धार्मिक तथा सार्वजनिक स्थलमा ज्येष्ठ नागरिकलाई आवश्यक सेवा, सुविधा र सहयोग सरल रुपमा प्रदान गर्ने ।

ग) प्रचलित ऐन नियमअनुसार ज्येष्ठ नागरिकहरुलाई सामाजिक सुरक्षा न्याय अधिकार र समानता प्रदान गरी निजहरुमा रहेको ज्ञान सीप, क्षमचा र अनुभाको सदुपयोग गरी विकास प्रकृयामा सहभागी गराउने ।

### ४. लक्षितवर्गः

ज्येष्ठनागरिक सम्बन्धी ऐन २०६३ ले परिभाषित गरे अनुसारको साठी वर्ष उमेर पुरा गरेका सवै नेपाली नागरिकहरु ।

### ५. ज्येष्ठ नागरिकको वर्गिकरण :

ज्येष्ठनागरिक सम्बन्धी नियमावली २०६५ को नियम १४ को उपनियम १ बमोजिम ज्येष्ठ नागरिकहरुको वर्गीकरण देहायबमोजिम गरि्एको छ ।

क) सत्तरी वर्ष उमेर पूरा नगरेको ज्येष्ठनागरिक

ख) सत्तरी वर्ष पूरा गरेको वरिष्ठ ज्येष्ठनागरिक

ग) असहाय ज्येष्ठनागरिक

घ) अशक्त ज्येष्ठनागरिक

### ६. परिचय वितरणका मापदण्ड :

ज्येष्ठनागरिक सम्बन्धी नियमावली २०६५ को नियम १५ बमोजिम साठीवर्ष उमेर पुगेको नेपाली नागरिकलाई मात्र ज्येष्ठनागरिक परिचयपत्र वितरण गर्न सकिनेछ ।

### ७. ज्येष्ठ नागरिक परिचय पत्रको ढाँचा :

ज्येष्ठनागरिक सम्बन्धी नियमावली २०६५ को अनुसूची ३ बमोजिमको ढाँचालाई नै आधार मानी ज्येष्ठनागरिक परिचयपत्रको ढाँचा यस निर्देशिकाको अनुसूची १ बमोजिमको हुनेछ । ज्येष्ठ नागरिक परिचयपत्रको आकार नेपाली नागरिकताको प्रमाणपत्रको आकार बराबर हुनेछ ।

### ८. परिचयपत्र वितरण प्रक्रियाः

क) ज्येष्ठनागरिक परिचयपत्र प्राप्त गर्न साठीवर्ष उमेर पुगेको ज्येष्ठनागरिक स्वयम वा निजको संरक्षकले सम्बन्धित स्थानीय तहका प्रमुख समक्ष निवेदन दिनुपर्नेछ ।

ख) निवेदनमा आफनो उमेर खुलेको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र दुई प्रति अटो साइजको फोटो संलग्न हुनुपर्नेछ । यस प्रयोजनको लागि नागरिकताको प्रमाणपत्रलाई आधार मानिनेछ ।

ग) ज्येष्ठनागरिक परिचयपत्र प्रदान गर्ने अधिकारी स्थानीय तहको कार्यकारी प्रमुख वा निजले तोकेको पदाधिकारी हुनेछ ।

घ) परिचयपत्र प्राप्त ज्येष्ठनागरिकहरुको लगत तोकिएबमोजिमको सफट्वेयरमा कम्प्यूटराइज गरी नगरपालिका कार्यालयमा राखी वार्षिक रुपमा प्रदेश र संघको सम्बन्धित मन्त्रालयमा जानकारी गराउनु पर्नेछ ।

ङ ) ज्येष्ठनागरिक परिचयपत्रको प्रतिलिपि लिन सम्बन्धित प्रहरी कार्यालयको सिफारिश वा वडाको सिफारिश सहित सम्बन्धित स्थानीय तहमा निवेदन पेस गर्नुपर्ने छ ।

### ९.विविधः

क) ज्येष्ठ नागरिक परिचयपत्र वितरणका लागि सम्बन्धित स्थानीय तहले आफ्नो कार्यविधि आफै निर्धारण गर्नेछ ।

ख) ज्येष्ठ नागरिक परिचयपत्र वितरण सम्बन्धमा माथि उल्लेखित व्यवस्था बाहेक प्रचलित कानुनको अधीनमा रही कार्यकारी प्रमुखले निर्णय गरे बमोजिम हुनेछ ।

अनुसूचि १

ज्येष्ठनागरिक परिचयपत्रको ढाँचा

ज्येष्ठनागरिक परिचयपत्र

फोटो

प्र.प.न.

नामथर ..................................................................
ना.प्र.न.....................................................................
ठेगाना
जिल्ला ....................................
नगरपालिका .........................................
वडा नं.........टोलगाउँ ..............................
उमेर ............................. लिङ .................
उपलब्ध छूट सुविधाहरु : ...................................

पतिपत्नीको नाम ...........................................
केन्द्रमा बसेको भए सोको विवरण ............................
संरक्षकको नाम थर ...............................
सम्पर्क ठेगाना मोवाइल नं ..........................................
रक्त समूह .........
कुनै रोग भए रोगको नाम र सेवनगरिएको औषधिको नाम
..........................................................................

प्रमाणित गर्ने अधिकृत

दस्तखत

नाम थर

पद

कार्यालय

**आज्ञाले,**
**भीम प्रसाद तिवारी**
**प्रमुख प्रशासकिय अधिकृत**